# Telecom. Newsletter

नेपाल दूरसञ्चार कं.लि. केन्द्रीय कार्यालय, सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित





नेपाल दूरसञ्चार भवन, भद्रकाली, काठमाडौं


Volume 17, Issue 6 No. 102 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Monthly, Paush 2074 (January 2018)


## राजस्व वृद्धिसम्बन्धी छलफल

नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले ग्राहकका समस्याको समयमै सम्बोधन गरी कुनै पनि किसिमको गुनासो गर्ने स्थिति आउन नदिने व्यवस्था गर्न आग्रह गर्नुभएको छ। उहाँले कार्यालय प्रमुखहरु नै ग्राहकका सबैभन्दा नजिक रहेर काम गर्ने भएकाले उनीहरुको समस्यामा सम्वेदनशील भई काम गर्न आग्रह गर्नुभयो।

गत मंसिर ११ गते काठमाडौं क्षेत्रीय निर्देशनालयले आयोजना गरेको निर्देशनालय तथा अन्तर्गत कार्यालयहरुको चालु आर्थिक वर्ष ०७४/७५ को प्रथम त्रैमासिक प्रगति समीक्षा तथा राजस्वको लक्ष्य सम्बन्धी छलफल कार्यक्रममा उहाँले सो आग्रह गर्नुभएको हो। उहाँले चालु आर्थिक वर्षको ४० प्रतिशत समय व्यतित भइसकेको र बाँकी ६० प्रतिशत समयावधिमा लक्ष्य पूर्तिका लागि द्रुत गतिका साथ कार्य गर्न निर्देशन दिनु भयो।

चालु आर्थिक वर्षको प्रथम तीन महिनामा पिएसटिएन लाइन वितरणमा वार्षिक लक्ष्यको १७.१९ प्रतिशत प्रगति हासिल भएको छ। त्यसैगरी उक्त अवधिमा वार्षिक लक्ष्यको तुलनामा एडिएसएल तर्फ ७.३८ प्रतिशत, जिएसएम मोबाइल तर्फ २६.९६ प्रतिशत, सिडिएमए तर्फ २७.७७ प्रतिशत, वाइम्याक्स तर्फ २२.८५ प्रतिशत र लिज लाइन तर्फ २.७३ प्रतिशत प्रगति हासिल भएको जानकारी गराइएको थियो।

(बाँकी २ पेजमा)

## 4G/LTE का लागि Pre-Bid Meeting



नेपाल टेलिकमले LTE Core and EUTRAN Networks को Supply, Delivery, Installation, Commissioning मा भाग लिन चाहने Bidder हरुका लागि Pre-Bid छलफल कार्यक्रमको आयोजना गऱ्यो। गत मंसिर २० गते कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित उक्त छलफल कार्यक्रममा कम्पनीले आह्वान गरेका ३ वटा IFB (Invitation for Bids) हरु बारेमा छलफल भएको थियो।

उक्त कार्यक्रममा नेपाल टेलिकमका प्रमुख प्राविधिक अधिकृत अशोक कुमार थापाले नेपाल टेलिकमले २०१७ जनवरीमा काठमाडौं र पोखरामा फोरजी सेवा प्रारम्भ गरे पश्चात ग्राहकमा डाटा सेवाको प्रयोग प्रति उत्साह देखिएकोले पनि देशका अन्य स्थानमा समेत फोरजी सेवा विस्तारका लागि आवश्यक कार्य अघि बढाइएको बताउनु भयो। आगामी दिनमा फोरजी सेवामार्फत 'भ्वाइस ओभर एलटिई' सेवा नेपालभर उपलब्ध गराइने र ग्राहकलाई गुणस्तरीय सेवा प्रदान गरिने बताउनु भयो। उहाँले केही महिनामा नै थप फोरजी सेवा सञ्चालनमा ल्याउने तयारीका साथ कार्य अघि बढाएको जानकारी दिँदै सो कार्यका लागि आवश्यक सामग्री उपलब्ध गराउन Bidder कम्पनीहरुले देखाएको उत्साहका लागि धन्यवाद दिनुभयो।

(बाँकी ४ पेजमा)

## सस्तो दरमा भ्वाइस कल

नेपाल टेलिकमले ग्राहकहरुको रुचिलाई ध्यानमा राखी मोबाइलमार्फत विभिन्न प्रकारका भ्वाइस प्याकेज उपलब्ध गराइरहेको छ। मोबाइलबाट लामो समय कुराकानी गर्नुपर्ने ग्राहकका लागि यी प्याकेज निकै उपयोगी छन्। यस्ता प्याकेजमार्फत कम्पनीको नेटवर्कभित्र मात्र कल गर्न सकिन्छ।

सामान्यतया जिएसएम प्रिपेड वा पोष्टपेडबाट कल गर्दा लाग्ने प्रचलित दर रेट भन्दा यस्ता भ्वाइस प्याकेज लिएर कल गर्दा निकै नै सस्तो दरमा कल गर्न सकिन्छ। कम्पनीले उपलब्ध गराएका विभिन्न प्याकेज मध्ये अल टाइम भ्वाइस प्याक लिई सस्तोमा प्रति मिनेट ४५ पैसासम्ममा र नाइट भ्वाइस प्याक लिई प्रति मिनेट १० पैसासम्ममा कल गर्न सकिन्छ। त्यसैगरी सिडिएमए प्रिपेडबाट पनि रातभर असीमित रुपमा कल गर्न सकिने सुविधा उपलब्ध छ।

कम्पनीले समय समयमा अफरको रुपमा उपलब्ध गराएका यी सुविधा ग्राहकहरुबीच अत्यधिक लोकप्रिय भएका छन्।

### अल टाइम भ्वाइस प्याक

अल टाइम भ्वाइस प्याक अन्तर्गत कम्पनीका जिएसएम तथा सिडिएमए प्रिपेड/पोष्टपेड मोबाइलमा कम्पनीकै नेटवर्कभित्र १० रुपैयाँमा ११ मिनेट भ्वाइस कल प्राप्त हुने व्यवस्था गरिएको छ। यो प्याकेज १ दिनको अवधिसम्म प्रयोग गर्न सकिने व्यवस्था छ।

त्यसैगरी २५ रुपैयाँमा ३० मिनेटको प्याकेज ३ दिन अवधिका लागि उपलब्ध छ। ५० रुपैयाँमा ५ दिनका लागि ७५ मिनेट, १०० रुपैयाँमा १० दिनका लागि २०० मिनेट, २०० रुपैयाँमा २० दिनका लागि ४२५ मिनेट, ३०० रुपैयाँमा ३० दिनका लागि ६५० मिनेट र ५५० रुपैयाँमा ६० दिनका लागि १२०० मिनेट कल उपलब्ध गराइएको छ। सो कल नेपाल टेलिकमको नेटवर्कभित्रका लागि मात्र उपलब्ध छ।

यो प्याकेज अन्तर्गत १० रुपैयाँमा ११ मिनेट भ्वाइस कल लिनको लागि VOICE11 टाइप गरी १४१५ मा एसएमएस पठाउनु पर्छ।

(बाँकी २ पेजमा)

## अवैध कलको जानकारी दिन अनुरोध

नेपाल टेलिकमले विदेशबाट आएको कलमा नेपाल टेलिकमकै मोबाइल नम्बर देखिएमा १९८ नम्बरमा फोन गरी सो नम्बर टिपाइदिन अनुरोध गरेको छ। हाल विदेशबाट टेलिफोन कल आउँदा अवैध मार्गबाट समेत आउने गरेको र यसबाट नेपाल टेलिकमका ग्राहकहरु गुणस्तरीय सेवा प्राप्त गर्नबाट बञ्चित हुनुको साथै कम्पनी र सरकारको राजश्वमा समेत असर पर्ने भएकाले यसतर्फ सचेत रहन समस्त ग्राहकहरुमा कम्पनीले अनुरोध समेत गरेको छ। उक्त नम्बरमा फोन गर्दा शुल्क नलाग्ने व्यवस्था गरिएको छ।

नेपाल टेलिकमका मोबाइल तथा ल्यान्डलाइन फोनमा विदेशबाट कल आउँदा नेपाल टेलिकमकै मोबाइल नम्बर देखिएमा यस्तो कल अबैध मार्गबाट आएको हुन्छ। यसरी आएको कलको गुणस्तर कमजोर हुनुको साथै राजस्व समेत छलिएको हुन्छ।

(बाँकी २ पेजमा)

# मोबाइल प्रयोगकर्ताका लागि उपयोगी एप्स

नेपाल टेलिकमका मोबाइल फोन प्रयोगकर्तालाई हाल इन्टरनेट चलाउन, संगीत सुन्न र टिभी हेर्नका लागि सहज भएको छ । यसका लागि नेपाल टेलिकमले अन्य कम्पनीहरुसँग सहकार्य गरेको छ । जुनसुकै समयमा संगीत सुन्न 'म्युजिक नेपाल', मोबाइलमै टिभी हेर्नका लागि 'वाउटाइम' र लामो दूरीमा सार्वजनिक सवारीमार्फत यात्रा गर्दा 'एनटी बस इन्टरनेट' एप्स प्रयोग गर्न सकिन्छ । नेपाल टेलिकमको जिएसएम वा सिडिएमए मोबाइल प्रयोगकर्ताहरुका लागि यी एप्स निकै नै उपयोगी बनेका छन् । छोटो समयमै यी एप्स लोकप्रिय बनेका छन् ।

**म्युजिक नेपाल**

म्युजिक नेपाल (MUSIC NEPAL) मोबाइल एप्स डाउनलोड गरी सो मार्फत कुनै पनि विधामा अहिलेका लोकप्रिय गीतहरु मात्र नभई पुराना सदावहार नेपाली गीतहरु पनि चौविसै घण्टा सुन्न सकिन्छ । साथै आफ्नो रुचिअनुसारका गीतहरु छान्न, सूची बनाउन र संग्रहित गर्न पनि सकिन्छ । आफूले रुचाएका गीतहरु फेसबुकमार्फत साथीभाईसँग सेयर गर्न पनि सकिन्छ । यो एक प्रकारको म्युजिक स्ट्रिमिङ सेवा हो । यसबाट एउटै प्लेटफर्ममार्फत असीमित संगीतको आनन्द लिन सकिन्छ ।

ग्राहकले शुल्क तिरेर साप्ताहिक वा मासिक रुपमा सेवा प्राप्त गर्न सक्छन् । डाउनलोड गरेको एप्स खोलेर आफ्नो मोबाइल नम्बर राख्नासाथ प्राप्त हुने पिन नम्बरलाई भेरिफाई गरी यसको प्रयोग गर्न सकिन्छ । नेपाल टेलिकमले म्युजिक नेपाल प्रा.लि.को सहकार्यमा यस प्रकारको म्युजिक स्ट्रिमिङ सेवा उपलब्ध गराएको हो ।

**वाउटाइम**

नेपाल टेलिकम र विन नेपाल प्रा.लि.को सहकार्यमा सञ्चालनमा ल्याइएको एप्स 'वाउटाइम' (WOWTIME) हो । सो मोबाइल एप्समार्फत लाइभ टिभी, मुभी र विभिन्न विधाका भिडियो तथा एफएम हेर्न तथा सुन्न सकिन्छ । लाइभ टिभीमा नेपाली, हिन्दी तथा विदेशी भाषाका विभिन्न विधाका १ सय ३० च्यानल हेर्न सकिन्छ । भविष्यमा च्यानलको संख्या आवश्यकताअनुसार थप्दै जाने योजना छ । त्यसैगरी विभिन्न विधाका मुभी, म्युजिक भिडियो तथा टिभी शोहरु पनि हेर्न सकिन्छ । नेपालमा उपलब्ध एफएम रेडियो समेत यही एप्समार्फत सुन्न सकिन्छ ।

यो सेवा नेपाल टेलिकमका जिएसएम तथा सिडिएमएका प्रिपेड/पोष्टपेड ग्राहकलाई मात्र उपलब्ध छ । शुरुमा नि:शुल्क उपलब्ध गराइएको सेवाका लागि अब भने ग्राहकले शुल्क तिरेर दैनिक, साप्ताहिक वा मासिक रुपमा सेवा प्राप्त गर्न सक्नेछन् । यो मोबाइल एप्समार्फत उपलब्ध हुने सेवा वाइफाई प्रयोग गरेर तथा मोबाइल डाटा प्रयोग गरेर पनि उपयोग गर्न सकिन्छ । सो मोबाइल एप्स गुगल प्ले स्टोर तथा एप्पल एप स्टोरबाट डाउनलोड गर्न सकिन्छ । मोबाइल एप्स मोबाइलमा डाउनलोड गरी आफ्नो नाम र मोबाइल नम्बर हाल्नासाथ प्राप्त हुने पिन नम्बरलाई भेरिफाई गरी रजिष्ट्रेसन गरेपछि यसको प्रयोग गर्न सकिन्छ ।

**एनटी बस इन्टरनेट**

एनटी बस इन्टरनेट (NT BUS INTERNET) सेवाबाट कुनै पनि सवारी साधनहरु जस्तै : बस, माइक्रोबस, कार आदिमा यात्रा गर्दा सरल र सुलभ तरिकाले इन्टरनेट चलाउन सकिन्छ । एनटी बस इन्टरनेट सेवाबाट आफ्नो स्मार्टफोन, ल्यापटप, ट्याबलेट आदिमा वाइफाई कनेक्ट गरी इन्टरनेट चलाउन सकिन्छ । एनटी बस इन्टरनेट डिभाइसको आफ्नै इन्टरनल स्टोरेज हुने भएकोले अफलाइनमा पनि फिल्म, भिडियो, गीतहरु सुन्न र हेर्नको साथसाथै गेम एवं एप्स पनि नि:शुल्क डाउनलोड गर्न सकिन्छ । साथै आफ्नो सवारी साधन कहाँ छ, सोको जानकारी जिपिएस प्रविधि मार्फत कुनै पनि क्षण कार्यालयबाट नै पत्ता लगाउन सकिन्छ ।

यो सेवा शुरु गर्ने सवारी साधनलाई एकपटकको लागि नि:शुल्क रिम कार्ड सहित १० जिबी डाटा नेपाल टेलिकमले उपलब्ध गराउँछ । नेपाल टेलिकमले साइबरनेटिक्सको सहकार्यमा बसलगायतका सार्वजनिक सवारी साधनमा एनटी बस इन्टरनेट चलाउन सकिने व्यवस्था गरेको हो ।

एनटी बस इन्टरनेट सेवा मुलुकका ७५ वटै जिल्लामा सञ्चालन हुने लामो तथा छोटो दुरीका सवारी साधनहरुमा प्रयोग गर्न सकिन्छ । यो सिडिएमए प्रविधिबाट सञ्चालन हुने भएकोले नेपाल टेलिकमको सिडिएमए नेटवर्क भएको जुनसुकै ठाउँमा पनि यो सेवाको प्रयोग गर्न सकिन्छ । यसका लागि बस कम्पनीहरुले साइबरनेटिक्ससँग सम्पर्क गरी सो सुविधा प्राप्त गर्नुपर्छ ।

(१ पेजको बाँकी)

## राजस्व वृद्धिसम्बन्धी...

सो अवधिमा पिएसटिएन सेवाबाट ४७ करोड ३ लाख ४५ हजार रुपैयाँ आम्दानी गरी लक्ष्यको २१.६८ प्रतिशत उपलब्धि हासिल भएको छ । रिचार्ज कार्ड बिक्रीबाट ३ अर्ब ६५ करोड ३३ लाख ६६ हजार रुपैयाँ (कर सहित) संकलन गरिएको जानकारी दिइएको थियो ।

यस आर्थिक वर्षको उक्त अवधिमा काठमाडौं क्षेत्र अन्तर्गत ४९ हजार ८ सय ४८ पिएसटिएन लाइन अत्याधुनिक IMS प्रविधिमा रुपान्तरण भैसकेका छन् । सो प्रविधिबाट भविष्यमा एउटै टेलिफोनको तारबाट भ्वाइस कल गर्न, डाटा चलाउन र भिडियो समेत हेर्न सकिने छ ।

सो अवसरमा मर्मत सम्भार सम्बन्धी सिकायतको ८० प्रतिशत भन्दा बढी कार्य २४ घण्टा भित्र गरिसक्नु पर्ने र बाँकी २० प्रतिशत कार्य अर्को २४ घण्टा भित्र गरिसक्नु पर्ने विषयमा छलफल भएको थियो । त्यसैगरी काठमाडौं, ललितपुर र भक्तपुर लगायतका जिल्लाका वस्ती विस्तार भएका क्षेत्रमा तत्काल आधारभूत टेलिफोन सेवाको विस्तार कार्य शुरु गर्ने र निर्देशनालय अन्तर्गतका अन्य क्षेत्रमा पनि शीघ्र नेटवर्क विस्तारमा जोड दिइने भएको छ । एडिएसएल तथा लिज लाइनको सञ्जाल कपर वायर वा अप्टिकल फाइबर मार्फत पुऱ्याएर सेवा विस्तार गरिने छ ।

सो अवसरमा वायरलाइन तथा ग्राहक सेवा निर्देशनालयका निर्देशक देव नारायण यादवले FTTH लाइन विस्तारका लागि नेटवर्क विस्तार कार्य भइरहेको जानकारी गराउनु भयो ।

काठमाडौं क्षेत्रीय निर्देशनालयका निर्देशक रविन्द्र भाले नेटवर्क विस्तार कार्य समयमा भए राजस्व बढाउन सकिने भएकोले तदारुकताका साथ कार्य गर्न मातहतका निकायहरुलाई निर्देशन दिनुभयो । सो अवसरमा कम्पनीका नायब प्रबन्ध निर्देशकहरु तथा निर्देशनालयमा कार्यरत प्रबन्धकहरुका साथै वरिष्ठ अधिकृतहरु र निर्देशनालय अन्तर्गतका १० वटा कार्यालयका प्रमुख र लेखा प्रमुखहरुको उपस्थिति थियो ।

(१ पेजको बाँकी)

## सस्तो दरमा...

त्यसैगरी अन्यको लागि VOICE30, VOICE75, VOICE200, VOICE425, VOICE650 अथवा VOICE1200 टाइप गरी १४१५ मा एसएमएस पठाउनु पर्ने हुन्छ ।

साथै *1415# डायल गरेर पनि यी प्याकेजहरु लिन सकिन्छ । मोबाइलबाट *1415# डायल गरेपछि क्रमश: 1. Promotional 2. Festival 3. Regular 4. Recommended 5. Volume Query मोबाइलको स्क्रिनमा देखिन्छ । त्यसपछि 1 लेखी Send गरेपछि क्रमश: 1. All Time Data 2. Night Data (10pm to 6am) 3. Facebook-Instagram 4. Youtube-TV Streaming 5. Voice ( NT-Network Only) 6. NT 4G (KTM and PKH only) मोबाइलको स्क्रिनमा देखिन्छ । भ्वाइस प्याक लिनका लागि 5 लेखी Send गर्नु पर्छ । त्यसपछि माथि उल्लेखित समय, पैसा र दिन अनुसारका भ्वाइस प्याकेजहरु देखिन्छन् । तत्पश्चात आफुले लिन चाहेको भ्वाइस प्याक अन्तर्गतको क्रम संख्या (1अथवा 2 अथवा 3..) लेखी Send गरी आवश्यकता अनुसारको भ्वाइस प्याक लिन सकिन्छ । जस्तै : क्रम संख्या 2 लेखी Send गर्दा 30mins@Rs.25(3days) को भ्वाइस प्याक लिन सकिन्छ र अन्तमा ok गरी सकेपछि भ्वाइस प्याक सजिलै subscribe हुन्छ ।

**नाइट भ्वाइस प्याक**

कम्पनीको जिएसएम सेवाका ग्राहकहरुका लागि नाइट भ्वाइस प्याकेज समेत उपलब्ध गराइएको छ । उक्त अफर अन्तर्गत जिएसएम सेवाका ग्राहकले २५ रुपैयाँमा २५० मिनेटको टक टाइम भएको भ्वाइस प्याकेज लिन सक्नेछन् ।

यो प्याकेजको अवधि ग्राहकले लिएको मितिबाट ७ दिनसम्म रहनेछ । यस अफर अन्तर्गत लिएको प्याकेजको उपयोग राती १० बजेदेखि बिहान ६ बजेसम्म गर्न सकिनेछ । यो प्याकेज प्राप्त गर्नका लागि ग्राहकले *1415# मा डायल गर्नुपर्छ । त्यसपछि आउने नम्बरहरुमा नाइट डाटाका लागि 2 लेखेर Send गर्नु पर्छ ।

**सिडिएमए प्रिपेडमा नाइट कल**

सिडिएमए प्रिपेड मोबाइलमा कम्पनीकै नेटवर्कभित्र मासिक महसुल दर रु. २०।- मा बेलुका १० बजेदेखि बिहान ६ बजेसम्म असीमित कल गर्न सक्ने व्यवस्था गरिएको छ ।

रातभर जतिसुकै कल गरे पनि महिनामा २० रुपैयाँ मात्र महसुल लाग्ने यो अफर खासगरी ग्रामीण क्षेत्रमा बस्नेहरुले बढी उपयोग गरेको पाइएको छ । यो अफर प्राप्त गर्नका लागि ग्राहकले Night टाइप गरी १४१५ मा SMS पठाउनु पर्छ ।

(१ पेजको बाँकी)

## अवैध कलको ...

विदेशबाट कल गर्ने व्यक्तिको टेलिफोन नम्बर ट्र्याक गर्न कठिन हुने भएकोले त्यस्ता कलमार्फत विभिन्न प्रकारका अवाञ्छित गतिविधि हुने खतरा हुन्छ । ठगी गर्ने नियतले 'चिट्ठा परेको' भन्दै विभिन्न सेवाग्राहीलाई गरिएका कलहरुमा समेत यस्ता नम्बर प्रयोग भएको पाइएकाले त्यस्ता अवैध कलहरु नियन्त्रण गर्न आवश्यक देखिएको हुँदा यसतर्फ कम्पनीले थप सक्रियता बढाएको छ ।

## उपभोक्ताको जिज्ञासा

***नेपाल टेलिकमको जिएसएम प्रिपेड मोबाइलबाट ब्यालेन्स ट्रान्सफर कसरी गर्न सकिन्छ ?***

नेपाल टेलिकमको जिएसएम प्रिपेड मोबाइलबाट जिएसएम प्रिपेड तथा सिडिएमए प्रिपेड र पोष्टपेड मोबाइलमा रु. १०।- देखि रु. १०००।- सम्म ब्यालेन्स रकम ट्रान्सफर गर्न सकिन्छ। आफूले चाहेको रकम पठाउनका लागि *422*Security Code*Number of Receiver*Amount (Rs.)# गरेर डायल गर्नु पर्छ। ट्रान्सफर गर्नुपर्ने रकम रुपैयाँमै लेख्नु पर्छ।

यो सुविधा अन्तर्गत एक दिनमा एउटा नम्बरबाट बढीमा ५ पटक मात्र ब्यालेन्स ट्रान्सफर गर्न सकिन्छ। Security Code शुरुमा सिम लिदा उपलब्ध गराइएको हुन्छ। यदि यो नम्बर थाहा नभएमा प्रयोगकर्ताले आफ्नो परिचय खुल्ने कागजात (नागरिकता वा अन्य) लिएर नजिकको दूरसञ्चार कार्यालयको ग्राहक सेवा केन्द्रमा सम्पर्क राख्नु पर्छ।

***कुनै मोबाइल सेटमा फोरजी चल्छ कि चल्दैन, कसरी थाहा पाउने ?***

फोरजी चलाउनका लागि फोरजी चल्ने मोबाइल सेट हुनु पर्छ। यसका लागि मोबाइलको सेटिङमा फोरजी/एलटिई सुविधा हुनु पर्छ। नेटवर्क फोरजी भए पनि यसका लागि मोबाइल सेट पनि फोरजी हुनु आवश्यक छ।

***जिएसएम मोबाइलमा डाटा प्याकेज खरिद गर्नका लागि के गर्ने ?***

नेपाल टेलिकमको जिएसएम मोबाइलमा विभिन्न प्रकारका डाटा प्याक अफर उपलब्ध छन्। आफूलाई आवश्यक डाटा प्याक खरिद गरी सस्तोमा इन्टरनेट चलाउन सकिन्छ।

*1415# डायल गरी यस्ता डाटा प्याक अथवा अफर लिन सकिन्छ। मोबाइलबाट *1415# डायल गरेपछि विभिन्न अफर क्रम संख्याअनुसार मोबाइलको स्क्रिनमा देखिन्छ। त्यसपछि आफूले लिन चाहेको प्याक वा अफर अन्तर्गतको क्रम संख्या (1, 2 अथवा 3.........) लेखेर Send गरी आवश्यक डाटा प्याक अथवा अफर लिन सकिन्छ। विभिन्न प्रकारका डाटा भोल्युम र तिनको मूल्य समेत त्यहीँ देखिन्छ। जस्तैः क्रम संख्या 2 लेखि Send गर्दा Facebook Pack अन्तर्गतका विभिन्न प्याक आउछन्। तत्पश्चात आफूले लिन चाहेको प्याक अन्तर्गतको क्रम संख्या (1 अथवा 2 अथवा 3....) लेखी फेरि Send गरी आवश्यक डाटा प्याक लिने र अन्त्यमा OK गर्नु पर्छ। यसरी विभिन्न प्याक अथवा अफरहरु सजिलै Subscribe गर्न सकिन्छ।

आफूलाई थाहा भएको डाटा प्याकेज खरिद गर्नको लागि चाहिएको डाटा भोल्युम उल्लेख गरी १४१५ मा SMS गर्न पनि सकिन्छ। जस्तै :

200 MB **डाटा प्याकेज खरिद गर्नको लागि** : Type "DATA200MB" and send to 1415

10 GB **डाटा प्याकेज खरिद गर्नको लागि** : Type "DATA10GB" and send to 1415

# विभिन्न स्थानमा जिएसएम सेवा विस्तार

नेपाल टेलिकमले देशका विभिन्न स्थानमा जिएसएम मोबाइल सेवा विस्तार कार्यलाई तीव्रता दिएको छ। देशका विभिन्न दुर्गम स्थान र पहिले भिस्याटमार्फत सेवा उपलब्ध गराइएका स्थानमा समेत माइक्रोवेभ प्रणालीबाट जिएसएम मोबाइल सेवा विस्तार गरिरहेको छ।

**लोमान्थाङमा थ्रिजी**

नेपाल टेलिकमले मुस्ताङको लोमान्थाङमा गत मंसिर २ गतेदेखि थ्रिजी सेवा सञ्चालनमा ल्याएको छ। कम्पनीले करिब ३ हजार ८ सय मिटर अग्लो स्थानमा रहेको लोमान्थाङ गाउँपालिकाको वडा नम्बर ५ मा थ्रिजी बिटिएस राखेको छ। मुक्तिक्षेत्र गाउँपालिकाको ४ हजार २ सय ५० मिटर अग्लो स्थानमा अवस्थित घिउलाडाँडामा रिपिटर स्टेशन राखी माइक्रोवेभ लिंकमार्फत बिटिएससँग सम्पर्क कायम गरिएको छ।

अब लोमान्थाङ गाउँपालिकाका सबै स्थान र दालोमे गाउँपालिकाका केही स्थानमा समेत थ्रिजी सेवाको कभरेज कायम भएको छ। यसबाट यो क्षेत्रमा रहेका ४ सय ५० भन्दा बढी घरधुरीका साथै लोमान्थाङ, छोसेर र कोरला नाकासम्म घुम्न जाने पर्यटकले समेत थ्रिजी सुविधाको उपभोग गर्न सक्नेछन्। अब सो क्षेत्रमा फोन सम्पर्क गर्न मात्र नभई तीव्र गतिमा डाटा चलाउन र भिडियो कल गर्न समेत सहज हुने भएको छ।

लोमान्थाङ मुस्ताङको सदरमुकाम जोमसोमदेखि करिब १ सय किलोमिटर दुरीमा पर्छ। सो क्षेत्रमा गत २०७३ जेठ १ गतेदेखि जिएसएम अन्तर्गत टुजी मोबाइल सेवा सञ्चालनमा ल्याइएको थियो। सिडिएमए प्रविधिको सेवा भने यो भन्दा पहिलेदेखि नै उपलब्ध थियो। पहिले स्याटेलाइट लिंकबाट टुजी र सिडिएमए सेवा उपलब्ध गराइएकोमा अब ती सेवालाई पनि माइक्रोवेभ लिंकमार्फत अपग्रेड गरिएको छ। त्यसकारण टुजी र सिडिएमएको क्षमता र गुणस्तर पनि बढेको छ।

**म्याग्दीको ओखरबोटमा जिएसएम**

नेपाल टेलिकमले म्याग्दी जिल्लाको ओखरबोटमा पनि गत मंसिर १ गतेदेखि टुजी बिटिएस टावर स्थापना गरी सेवा सञ्चालनमा ल्याएको छ। म्याग्दी जिल्लाको मालिका गाउँपालिका वडा नम्बर ३, डाँडागाउँ किटेनीमा सो टावर स्थापना गरिएको हो। म्याग्दीको सदरमुकाम बेनीदेखि करिब ४६ किलोमिटर टाढा रहेको सो स्थानमा पहिले सिडिएमए सेवा मात्र उपलब्ध थियो। सो टावरमार्फत अब मालिका गाउँपालिकाका वडा नम्बर २ अन्तर्गत रुमा, जेमा, बिलवाङ र खवाङ; वडा नम्बर ३ अन्तर्गत झागाउँ, अउला र पातले तथा वडा नम्बर ४ अन्तर्गत ओखरबोटका सबै क्षेत्र गरी ७ सयभन्दा बढी घरधुरी लाभान्वित हुने छन्। अधिकांश प्रयोगकर्तासँग जिएसएम मोबाइल सेट हुने भएकाले पनि यो सेवाको माग उच्च थियो।



**भिस्याटलाई माइक्रोवेभद्वारा प्रतिस्थापन**

कम्पनीले विभिन्न जिल्लामा भिस्याट लिंकमार्फत जिएसएम मोबाइल सेवा उपलब्ध गराइरहेकोमा हालै पूर्वाञ्चलका सोलुखुम्बु, ताप्लेजुङ, ओखलढुङ्गा, उदयपुर, मोरङ, झापा, सप्तरी र सुनसरी जिल्लाका विभिन्न स्थानमा बिटिएस स्थापना गरी माइक्रोवेभ लिंकमार्फत जिएसएम मोबाइल सेवा सञ्चालन गरेको छ।

पुरानो लिंकबाट भ्वाइस सेवा मात्र उपलब्ध भइरहेकोमा अब नयाँ लिंकमार्फत मोबाइलमा भ्वाइस र डाटा दुवै सेवा उपलब्ध गराउन सकिन्छ।

सोलुखुम्बुको गुदेल, ताप्लेजुङको लेलेप, ओखलढुङ्गाको निसंखे र उदयपुरको खसिबासमा माइक्रोवेभ लिंकमार्फत सेवा सञ्चालन गरिएको छ। त्यसैगरी सोलुखुम्बुको खरीखोला, जुनीबेसी र छेसक्याममा पहिले भिस्याट लिंकमार्फत सेवा सञ्चालन भइरहेकोमा हाल माइक्रोवेभ लिंकमार्फत नयाँ प्रविधिमा जिएसएम सेवा सञ्चालन गरिएको छ।

झापाको भद्रपुर १, दमक नगरपालिका, लखनपुर र मेचीनगर; मोरङको बेलवारी १, २ र ३; मोरङकै दुलारी, सुन्दरपुर तथा उर्लाबारी ४ र ५; सप्तरीको अर्नाहा १ र इनर्वा फुलबारिया १; सुनसरीको हासपोसा, इनरुवा नगरपालिका, इटहरी र महेन्द्रनगर तथा उदयपुरको सिद्धिपुर १ र त्रियुगा ५ मा हालै माइक्रोवेभ लिंकमार्फत जिएसएम सेवा सञ्चालनमा ल्याइएको छ।

अब ती स्थानमा मोबाइलमार्फत कुराकानी गर्ने सुविधा उपलब्ध हुनुको साथै डाटामार्फत विभिन्न वेबसाइट चलाउन तथा देश विदेशमा भएका आफन्तहरुसँग भिडियो कल समेत गर्न सकिने छ।

**स्याङबोचे भ्यु प्वाइन्टमा जिएसएम**

नेपाल टेलिकमले मुलुकको अति विकट मुस्ताङको स्याङबोचे भ्यु प्वाइन्टमा जिएसएम मोबाइल सेवा सञ्चालनमा ल्याएको छ। स्याङबोचे भ्यु प्वाइन्टमा मंसिर १५ देखि सेवा सञ्चालनमा आएको हो।

मुस्ताङ जिल्लाको जोमसोमदेखि करिब ४० किलोमिटर टाढा करिब ४ हजार मिटर उचाईको दालोमे गाउँपालिका ३ मा स्याङबोचे भ्यु प्वाइन्टको बिटिएस टावर स्थापना गरिएको छ।

*(बाँकी ४ पेजमा)*

# ग्राहकमुखी सेवा प्रवाह गर्न निर्देशन




कम्पनीका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले दूरसञ्चार कार्यालय भरतपुरको निरीक्षण भ्रमण गरी ग्राहकहरुको माग बमोजिमको छिटोछरितो रुपमा गुणस्तरीय सेवा उपलब्ध गराउन निर्देशन दिनु भएको छ । दूरसञ्चार कार्यालय भरतपुर र सो अन्तर्गतका कार्यालयका कर्मचारीहरु समेतको उपस्थितिमा आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्दै प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले ग्राहकहरु कम्पनीको लागि सबैभन्दा महत्वपूर्ण भएकाले ग्राहकलाई केन्द्र विन्दूमा राखेर सन्तुष्ट हुने गरी सेवा उपलब्ध गराउन आग्रह गर्नुभयो ।

उहाँले कम्पनीले चालु आर्थिक वर्षका लागि निर्धारण गरेका लक्ष्यहरु पूरा गर्न कर्मचारीहरुमा टिम वर्कको भावना जागृत हुनुपर्ने र परम्परागत कार्यशैली परिवर्तन गरेर कार्य गर्नुपर्ने बताउनु भयो । उहाँले एफटिटिएच सेवाको विस्तार गर्न, एडिएसएल सेवालाई अनडिमान्ड रुपमा वितरण गर्न, मर्मत सम्भार कार्यलाई अझ प्रभावकारी बनाउन र फोरजी सेवा विस्तारका लागि मानसिक रुपमा तयार रहन समेत निर्देशन दिनु भयो ।

सो कार्यक्रममा वीरगञ्ज क्षेत्रीय निर्देशनालयका तत्कालीन नि. निर्देशक प्रकाशमान प्रधानले दूरसञ्चार कार्यालय भरतपुर अन्तर्गतको क्षेत्र ग्राहक तथा राजस्वको दृष्टिले अत्यन्तै उर्वर भएकाले क्षेत्रीय निर्देशनालयले पनि प्राथमिकतामा राखेको बताउँदै त्यहाँ कार्यरत कर्मचारीहरु पनि आफ्नो जिम्मेवारी प्रति प्रतिबद्ध भएकाले कुनै पनि कार्यक्रम तथा कम्पनीको लक्ष्य प्राप्तिमा सहज हुने बताउनु भयो ।

उक्त अवसरमा दूरसञ्चार कार्यालय भरतपुरका प्रमुख हरि ढकालले कार्यालयका कर्मचारीहरु कामप्रति इमान्दार भएकाले ग्राहकको गुनासो कम भएको जानकारी दिँदै कार्यालयलाई आवश्यक पर्ने साधन श्रोत तथा निर्णयहरु यथा समयमा प्राप्त भएमा कम्पनीका लक्ष्यहरु निर्धारित समयमा नै सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सो कार्यक्रममा उपस्थित अन्य कर्मचारी तथा युनियनका पदाधिकारीहरुले एफटिटिएचलगायत डाटा सेवाको माग अधिक रहेकाले सो सेवाको विस्तार, गुणस्तर बृद्धि र महसुल परिमार्जनमा जोड दिनुपर्ने, स्थानीय निकायहरु अधिकार सम्पन्न भइसकेको परिप्रेक्ष्यमा कम्पनीले पनि विकेन्द्रीकरणमा जोड दिनुपर्ने विचार राख्दै कम्पनीका लक्ष्यहरु प्राप्तिका लागि आफूहरु सधैं तत्पर रहेको बताउनु भयो ।

(१ पेजको बाँकी)

# 4G/LTE का लागि...

उक्त छलफल कार्यक्रममा नेपाल टेलिकमको तर्फबाट Overview of Bidding Document (Commercial) बारेमा प्रबन्धक प्रदीप ठाकुर, Overview of Technical Specification (EUTRAN) बारेमा उप-प्रबन्धक निरोल कोजु र Overview of Technical Specification (Core) बारेमा वरिष्ठ इन्जिनियर मुनिष आचार्यले प्रस्तुतिकरण गर्नुभएको थियो । प्रस्तुतिकरणपछि सहभागीहरुको विभिन्न जिज्ञासाहरुको जवाफ समेत दिइएको थियो । यस कार्यका लागि कम्पनीले विज्ञ समूहको गठन गरेको थियो ।

Pre-Bid Meeting मा Biding मा सहभागी हुन उत्सुक ८ कम्पनीका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । सो छलफल कार्यक्रममा भारतको टेक महिन्द्रा, कोरियाको सामसुङ इलेक्ट्रोनिक्स, फिनल्यान्डको नोकिया, हङकङको डाटाङ सफ्टवेयर, सिंगापुरको सिटियस कम्युनिकेसन्स, चीनको हुवावे टेक्नोलोजिज, चीनकै जेडटिई कम्युनिकेसन्स र इजरायलको एयरस्पान नेटवर्क सहभागी थिए ।

सो कार्यक्रममा नेपाल टेलिकमको तर्फबाट सम्बन्धित नायव प्रबन्ध निर्देशकहरु, निर्देशकहरु तथा वरिष्ठ अधिकृतहरुको समेत उपस्थिति थियो । कार्यक्रमको अन्त्यमा नेपाल टेलिकमका प्रमुख वित्तीय अधिकृत सूर्यभक्त पोखरेलले सबै सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्दै सरकारी कम्पनी भएकोले विभिन्न प्रक्रिया पार गरेर अगाडि बढ्नु पर्ने हुँदा त्यसै अनुसार तयारी गर्न Bidder कम्पनीहरुलाई सुझाव दिनु भयो ।

(३ पेजको बाँकी)

# विभिन्न स्थानमा ...

मुक्तिक्षेत्र गाउँपालिकाको ४ हजार २ सय ५० मिटर अग्लो स्थानमा अवस्थित घिउलाडाँडामा रिपिटर स्टेशन राखी माइक्रोवेभ लिंकमार्फत बिटिएससँग सम्पर्क कायम गरिएको छ । सो टावरले छुसाङ, समर, घमी, सुरखाङ र अपर मुस्ताङको जोमसोम-कोरला हाइवे अन्तर्गत ताङवेदेखि जैतेसम्मको अधिकांश स्थानमा सेवा उपलब्ध गराउछ । यसबाट अपर मुस्ताङ र दामोदर कुण्डको भ्रमणमा आएका पर्यटकका साथै सो क्षेत्रका ४ सयभन्दा बढी घरधुरी लाभान्वित हुने छन् ।

**दोलखाको डाँडाखर्कमा सेवा**

दोलखा जिल्लाको डाँडाखर्कमा गत मंसिर ११ गतेदेखि सेवा सञ्चालनमा आएको छ । सो स्थानमा स्थापना गरिएको बिटिएसबाट ४ हजारभन्दा बढी सेवाग्राही लाभान्वित हुने छन् । दोलखाको मेलुङ गाउँपालिका, डाँडाखर्क, चिन्ने, फङ्के, सर्नथली, घलडाँडा, भेड्फु र रामेछापको फुलासी, डडुवा र हरिया चिन्नेका सेवाग्राही यसबाट लाभान्वित हुने छन् । अब यी स्थानमा मोबाइलमार्फत कुराकानी गर्ने सुविधा उपलब्ध हुनुको साथै डाटा चलाउन समेत सकिने छ ।

**गण्डकी अञ्चलका विभिन्न स्थानमा मोबाइल सेवा विस्तार**

नेपाल टेलिकम पोखराले पछिल्लो महिनामा गण्डकी तथा धौलागिरि अञ्चलका विभिन्न क्षेत्रमा मोबाइल सेवा बिस्तार गरेको छ । नेपाल टेलिकमले पर्वत जिल्लाको आर्थर डाँडाखर्कमा जिएसएम



मोबाइलको टावर स्थापना गरेको छ । सो टावरबाट पर्वतको आर्थर, स्याङजाको वाङसिङ देउरालीका साथै पर्यटकीय पन्चासे क्षेत्रका बाँकी भागहरु समेट्ने गरी मोबाइल सेवा विस्तार गरिएको छ । तनहुँको भीरकोटमा स्थापना भई सञ्चालित नयाँ टावरबाट उक्त क्षेत्रका राम्जाकोट, काँहु शिवपुरका केही भाग, बुलिङटार, डाँडाझेरीलगायत नवलपरासी जिल्लाका केही क्षेत्रमा समेत मोबाइल सेवा बिस्तार गरिएको छ ।

तनहुँकै टुहुरेपसलमा हालै सञ्चालित जिएसएम बिटिएसबाट जिल्लका टुहुरेपसल, चन्द्रावती, भानुलगायतका स्थानहरुमा सेवा पुगेको छ । स्याङजा जिल्लाको चिलाउनेवासमा हालै सञ्चालनमा आएको नयाँ टावरबाट जिल्लाको सेतीदोभान, रङगेठाँटी, लाँकुटारी, जुग्ले, फापरथुमका सेवाग्राहीहरु लाभान्वित हुनेछन् । लमजुङ जिल्लाको पुरानो पैदल रुट पर्यटकीय स्थान पसगाउँमा नयाँ टावर स्थापना भएको र त्यसबाट पसगाउँ, सिङदी, भोजे र गिलुङका केही क्षेत्रहरुमा सेवा पुगेको छ । उक्त क्षेत्रहरुमा मोबाइल सेवाका अत्याधुनिक प्रविधिहरु जडान गरी इन्टरनेट सेवा समेत सञ्चालन हुनेगरी टावर सञ्चालन गरिएको हो ।

दूरसञ्चार कार्यालय पोखरा अन्तर्गत यसै आर्थिक वर्षभित्र सञ्चालन हुनेगरी स्याङजा जिल्लाका हेलु र पौवेगौंडे, कास्की जिल्लाको याङजाकोट र पर्यटकीय स्थल टाडापानी आदि स्थानमा मोबाइल तथा इन्टरनेट सेवा बिस्तारका लागि आवश्यक पूर्वाधार निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ ।

कास्की जिल्लाको घान्द्रुकस्थित माछापुच्छ्रे तथा अन्नपूर्ण वेस क्याम्प जाने पर्यटकीय मार्ग देउरालीमा रहेको सिडिएमए स्टेशनमा द्रुत गतिको इन्टरनेट सेवा चलाउन मिल्ने प्रविधि इभिडिओ सेवा हालै जडान गरिएको छ । सो प्रविधि जडान पश्चात उक्त क्षेत्रमा सञ्चालित १५३.६ केबिपिएस गतिको इन्टरनेट सेवा अब ३ एमबिपिएसको गतिमा चल्ने भएको छ । यस अघि सो क्षेत्रमा सञ्चालित इन्टरनेटको गति कम हुँदा पर्यटक तथा सेवाग्राहीहरुले असहज महसुस गरेका थिए । सिडिएमए प्रविधिमा पनि वाइफाई सहितको इन्टरनेट सञ्चालन गर्न मिल्ने राउटर उपलब्ध भएकाले सेवा प्रभावकारी हुने विश्वास लिइएको छ ।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: newsntc@yahoo.com फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, यो News Letter www.ntc.net.np मा पनि हेर्न सकिन्छ ।
Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section, Co-ordinator : **Pratibha Vaidya** Joint Co-ordinator : **Shobhan Adhikari**
Editor : **Laxman Adhikari,** Editorial Team : **Eka Raj Subedi, Meghanath Dhakal**